# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्षः-४० २०६४ माघ अङ्क :-७


## नर्सिङ क्याम्पस भवनको उद्घाटन

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा र नेपालका लागि जापानका राजदूत तात्सुओ मिजोनोले त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत महाराजगंज नर्सिङ क्याम्पसको नवनिर्मित शैक्षिक भवनको

भवन निर्माणका लागि नेपाल सरकारको विकास बजेटबाट १७ लाख रुपियाँ र जापान सरकारबाट करिव ५९ लाख ७२ हजार रुपियाँ सहयोगस्वरुप प्राप्त भएको थियो भने नपुग रकम क्याम्पसले आफ्नो आन्तरिक स्रोतबाट बेहोरेको थियो ।



**उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा (बायाँ) नर्सिङ क्याम्पसको नवनिर्मित भवन उद्घाटन गर्नुहुँदै ।**

माघ ७ गते संयुक्तरूपमा उद्घाटन गर्नुभयो ।

नेपाल सरकार र जापान सरकारको आर्थिक सहयोगमा कुल एक करोड ७१ लाख ५३ हजार रुपियाँको लागतमा निर्माण गरिएको सो भवनमा ठूला २ वटा कोठा, मध्यम आकारका ४ वटा र ३ वटा शिक्षण कोठा गरी जम्मा ९ वटा कोठा रहेका छन् । क्याम्पसको यस विस्तारित भवनले क्याम्पसका शैक्षिक कार्यक्रमहरू संचालनमा थप सुविधा पुऱ्याउने क्याम्पस प्रमुख प्रा.डा. सरला श्रेष्ठले उल्लेख गर्नुभयो ।

विगत दुई दशकदेखि महाराजगंजमा संचालन भइरहेको सो क्याम्पसमा हाल नर्सिङ विषयका तीन वर्षे प्रवीणता प्रमाणपत्र तह, हस्पिटल नर्सिङ, कम्युनिटी हेल्थ नर्सिङ र साइकियाट्रिक नर्सिङ गरी तीन विधामा तीन वर्षे पोस्ट बेसिक ब्याचलर तहको पढाइ भइरहेका छन् । यसबाहेक सो क्याम्पसमा स्नातकोत्तर तहको कार्यक्रमका साथै चार वर्षे जेनेरिक बीएस्सी नर्सिङ कार्यक्रम पनि संचालनमा छन् ।

यी सबै तहमा गरी सो क्याम्पसले वार्षिक कुल एक सय ३९ विद्यार्थी भर्ना लिइरहेको क्याम्पस प्रमुख प्रा.डा. श्रेष्ठले जनाउनुभयो ।

## प्राज्ञिक परिषद् सचिवमा डा. कोइराला

काठमाडौं । त्रिभुवन विश्वविद्यालयले त्रिवि संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० बमोजिम त्रिविका डीनहरूमध्येबाट व्यवस्थापन संकायका डीन प्रा.डा. परासर कोइरालालाई त्रिवि प्राज्ञिक परिषद् स्थायी समितिको सदस्यमा २०६४ माघ ११ गतेको निर्णयअनुसार अर्को व्यवस्था नभएसम्मका लागि मनोनीत गरेको छ ।

साथै प्रा.डा. कोइरालालाई त्रिवि ऐन २०४९ बमोजिम प्राज्ञिक परिषद्को सचिव भई काम गर्न समेत त्रिविले तोकेको छ ।

## निमित्त विभागीय प्रमुख नियुक्त

काठमाडौं । त्रिभुवन विश्वविद्यालयले विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत कीर्तिपुरमा हालै स्थापना गरेको बायोटेक्नोलोजी केन्द्रीय विभागमा सहप्राध्यापक डा. त्रिविक्रम भट्टराईलाई अर्को व्यवस्था नभएसम्मका लागि २०६४ माघ १५ गतेदेखि निमित्त विभागीय प्रमुख नियुक्त गरेको छ ।

## कलेजको नाम परिवर्तन

काठमाडौं । त्रिभुवन विश्वविद्यालयले काठमाडौं गौशालास्थित 'कलेज अफ फिल्म स्टडिज'को नाम परिवर्तन गरी 'ओस्कार इन्टरनेसनल कलेज' राख्न उक्त कलेजलाई स्वीकृति प्रदान गरेको छ ।

# भौतिकशास्त्रसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न

काठमाडौं । त्रिभुवन विश्वविद्यालय भौतिकशास्त्र केन्द्रीय विभाग र काठमाडौं विश्वविद्यालय प्राकृतिक विज्ञान विभागद्वारा संयुक्तरूपमा आयोजित 'प्लाज्मा फिजिक्स एन्ड मेटेरियल साइन्स' विषयक २ दिने अन्तर्राष्ट्रिय सम्मेलन माघ ११ गते सम्पन्न भएको छ ।

नेपाललगायत भारत, चीन र न्युजिल्यान्डका गरी ६२ जना भौतिकशास्त्रीले भाग लिएको सो सम्मेलनमा वैज्ञानिक सत्रमा ११ वटा विभिन्न क्षेत्रका अनुसन्धानपत्रहरू प्रस्तुत गरिएका थिए भने युवा अनुसन्धानकर्ताहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले २ वटा पोस्टर सत्रमा १२ वटा अनुसन्धानपत्रहरू पोस्टरको रूपमा प्रस्तुत गरिएका थिए ।

विगत ४ वर्षदेखि संचालन हुँदैआएको यसप्रकारको सम्मेलन त्रिवि भौतिकशास्त्र केन्द्रीय विभागले आयोजना गरेको यो पहिलो पटक हो । सम्मेलनको समापन समारोहमा केन्द्रीय विभागका प्रमुख प्रा. लोकनारायण झाले सहभागीहरूलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

सो सम्मेलनको उद्घाटन काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा. सुरेशराज शर्माले माघ १० गते एक समारोहका बीच गर्नुभएको थियो ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै उपकुलपति प्रा. शर्माले हाम्रो देशको बजेटमा वैज्ञानिक अध्ययन अनुसन्धानका लागि छुट्याइएको रकम अन्य देशको तुलनामा कम मात्र नभइ स्वयम् देशभित्रै पनि अन्य क्षेत्रभन्दा कम प्राथमिकतामा परेकाले त्यसमा परिवर्तन हुन आवश्यक रहेको बताउनुभयो ।

'सो परिवर्तनका लागि विश्वविद्यालयका प्राध्यापकहरूले आफ्नो अनुसन्धान कार्यमा दाता तथा प्रायोजकहरूलाई लगानी गर्न आकर्षित गराउन सक्नु पर्छ र यसका लागि उहाँहरूले विशेष पहल गर्नु पर्दछ', प्रा. शर्माले भन्नुभयो ।

उक्त अवसरमा वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयका वरिष्ठ वैज्ञानिक सल्लाहकार प्रा. देवीदत्त पौड्यालले विश्वविद्यालयहरूले अनुसन्धान कार्यलाई बढी प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

समारोहमा भौतिकशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा. लोकनारायण झाले विश्वविद्यालयमा भौतिकशास्त्रको पठन-पाठन र अनुसन्धानको महत्वबारे चर्चा गर्दै युवा पुस्तालाई अनुसन्धानमा लाग्न सुझाव दिनुभयो ।

त्रिवि भौतिकशास्त्र केन्द्रीय विभागका डा. राजु खनाल र काठमाडौं विश्वविद्यालयका डा. दीपकप्रसाद सुवेदी संयोजक रहनुभएको सो सम्मेलनलाई वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र लेकाली ट्रेडिङ्ग कन्सर्नबाट सहयाग प्राप्त भएको थियो ।




**भौतिकशास्त्र केन्द्रीय विभागद्वारा आयोजित सम्मेलन**

# सह प्राध्यापकमा नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न महानुभावहरूलाई सह प्राध्यापक पदमा नियुक्त गरेको छ :

| नाम | विषय | नियुक्ति स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| श्री उमा कोइराला | गृह विज्ञान | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | २०६२।७।१३ |
| श्री मनोधरा शाक्य | " | " | " |
| श्रीमती रेणुका उपाध्याय | " | " | " |
| श्री मिलन भट्टराई | " | " | " |
| श्रीमती अमा वैद्य (श्रेष्ठ) | " | " | " |
| श्री मन्दिरा ताम्राकार | " | " | " |
| श्रीमती निशा आचार्य | " | महेन्द्र मोरंग आदर्श ब.क्याम्पस,विराटनगर | " |
| श्री ज्योति विष्ट | " | रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग | " |
| श्रीमती मगिना मल्ल पालिखे | " | " | " |
| श्री जयादेवी शर्मा | " | पाटन संयुक्त क्याम्पस,पाटनढोका | " |
| श्री दीपशिखा सुवेदी | " | " | " |
| श्री राधा वज्राचार्य | " | " | " |
| श्री टेकनारायण भुषाल | नेपाली | वीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुर | २०६३।१।१२ |

# विद्यावारिधि उपाधि प्रदान

**काठमाडौं । त्रिभुवन विश्वविद्यालयका विभिन्न अध्ययन संस्थान तथा संकायहरूले विभिन्न महानुभावहरूलाई निम्न विषयमा विद्यावारिधि उपाधि प्रदान गरेको छ ।**



**सृजनलाल श्रेष्ठः** विज्ञान तथा प्रविधि अध्ययन संस्थानले सृजनलाल श्रेष्ठलाई तथ्यांक शास्त्र विषयअन्तर्गत Statistical Modeling of Human Health Impact Assesment Linked to Air pollution by Exposure to Different Microenvironments शीर्षकको शोधपत्रका लागि विद्यावारिधि उपाधि प्रदान गर्ने निणय २०६४ पुस १३ गते गरेको छ ।

उहाँ तथ्यांकशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।



**बद्रीनारायण गौतमः** मानविकी तथा सामाजिक शास्त्र संकायले बद्रीनारायण गौतमलाई इतिहास विषयअन्तर्गत 'नेपाली कांग्रेस मेलमिलापदेखि सत्याग्रहसम्म (वि.सं. २०३३-२०४२)' शीर्षकको शोधपत्रका लागि विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ मंसिर २६ गते गरेको छ ।

२०१९ साल साउन १९ गते जन्मनु भएका उहाँ भैरहवा बहुमुखी क्याम्पस, भैरहवाका उपप्राध्यापक हुनुहन्छ ।



**दानराज रेग्मीः** मानविकी तथा सामाजिक शास्त्र संकायले दानराज रेग्मीलाई भाषा विज्ञान विषयअन्तर्गत The Bhujel Language शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ साल मंसिर २७ गते गरेको छ ।

२०१६ साल कार्तिक ७ गते जन्मनु भएका उहाँ भाषाविज्ञान केन्द्रीय विभाग, कीर्तिपुरमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।



**शिवमाया तुम्वाहाङफेः** मानविकी तथा सामाजिक शास्त्र संकायले शिवमाया तुम्वाहाङफेलाई राजनीति विषयअन्तर्गत 'नेपालमा राजनीतिक महिला आन्दोलन विश्लेषणात्मक अध्ययन (वि.सं. २०४७-२०६०)' शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ पुस २ गते गरेको छ ।

१८ जनवरी १९६४ मा जन्मनु भएका उहाँ विराटनगर उपमहानगरपालिकास्थित सामाजिक विकास तथा अनुसन्धान केन्द्रका उपाध्यक्ष हुनुहुन्छ ।



**यादवप्रसाद ढुंगानाः** मानविकी तथा सामाजिकशास्त्र संकायले यादवप्रसाद ढुंगानालाई नेपाली विषयअन्तर्गत *'संचारमाध्यमः नेपाली समाचार पत्रपत्रिकामा प्रयुक्त समाचार तथा सम्पादकीयसम्बन्धी प्रचारमुखी भाषिकस्वरुप'* शीर्षकको शोधपत्रका लागि विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ साल पुस १८ गते गरेको छ ।

२०१३ साल असोज ९ गते जन्मनुभएका सहप्राध्यापक ढुंगाना पुल्चोक क्याम्पसको इन्जिनीयरिंग विज्ञान तथा मानविकी विभागका विभागीय प्रमुख हुनुहुन्छ ।



**कुशुम शाक्यः** मानविकी तथा सामाजिकशास्त्र संकायले कुशुम शाक्यलाई अर्थशास्त्र विषयअन्तर्गत Human Resources Development in Nepal: An Analysis of Education and Health Sectors शीर्षकको शोधपत्रका लागि विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ पुस १७ गते गरेको छ ।

उहाँ अर्थशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।



**विदुरकुमार चालिसेः** त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाले विदुरकुमार चालिसेलाई नेपाली विषयमा 'ऐतिहासिक अभिलेखका आधारमा नेपाली भाषाका व्याकरण तत्त्वमा क्रमिक विकासको अध्ययन' शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ असोज १ गते गरेको छ ।

काठमाडौं जोरपाटी गाविस आरुबारी निवासी ४८ वर्षीय चालिसे पद्मकन्या बहुमुखी क्याम्पसमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।



**विश्वविक्रम शाहः** व्यवस्थापन संकायले विश्वविक्रम शाहलाई Evolution of Personnel Administration in Nepal from 1769 to 1951 A.D. शीर्षकको शोधपत्रका लागि विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ माघ २१ गते गरेको छ ।

काठमाडौं कालधारा निवासी ५२ वर्षीय शाह राजदरबार सेवाका पूर्व सचिव हुनुहुन्छ ।



**द्विजराज भट्टः** भारतको पुना विश्वविद्यालयले त्रिविका सहप्राध्यापक द्विजराज भट्टलाई Studies on Salmonella Isolates from Urban Drinking Water Supply system of Nepal and Antimicrobial Activities of bacillus spp.Against Isolated Waterborne Pathogenes शीर्षकको शोधपत्रका लागि सन् २००८ जनवरी १२ मा विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

२०२४ सालमा बैतडी जिल्लाको भट्टगाँउमा जन्मनुभएका भट्ट त्रिवि माइक्रोबायोलोजी केन्द्रीय विभागमा कार्यरत हुनुहुन्छ ।

# अनिवार्य अवकाश

त्रिभुवन विश्वविद्यालयको सेवामा रहेका निम्न शिक्षक/कर्मचारीको उमेर निम्न मितिमा ६३ वर्ष पूरा भएकाले उहाँहरूलाई त्रिवि सेवाबाट अनिवार्य अवकाश दिने निर्णय गरिएको छः

| शिक्षकहरूको नाम | कार्यालयको नाम | पद | अवकाश लागु मिति |
|---|---|---|---|
| श्री विश्वनाथ राजवाहक | पुल्चोक क्याम्पस,पुल्चोक | वरिष्ठ प्रशिक्षक | २०६३।७।१५ |
| श्री जगदिसचन्द्र रेग्मी | नेपाली संस्कृत.,ई.तथा पु.के.विभाग,कीर्तिपुर | प्राध्यापक | २०६४।३।१५ |
| श्री काशीनाथ तमोट | पाटन संयुक्त क्याम्पस,पाटनढोका | सह प्राध्यापक | २०६४।९।२० |
| श्री रामचन्द्र साह | रामपुर क्याम्पस,रामपुर | उप प्राध्यापक | २०६४।९।२१ |
| श्री अच्यूतमान सिं प्रधान | व्यावहारिक विज्ञान तथा प्रविधि अ.केन्द्र | लेखा अधिकृत | २०६४।१०।२३ |
| डा. ईन्दिरा सिंह | नसिंङ्ग क्याम्पस,महाराजगंज | प्राध्यापक | २०६४।१०।५ |
| श्री कनक विक्रम थापा | नेपाल ल क्याम्पस,प्रदर्शनीमार्ग | सह प्राध्यापक | २०६४।१०।११ |
| डा. सूर्यनाथ गोप | हिन्दी केन्द्रीय विभाग,कीर्तिपुर | सह प्राध्यापक | २०६४।१०।१८ |
| श्री लोकेश्वर दत्त | पद्मकन्या बहुमुखी क्याम्पस,वागवजार | सह प्राध्यापक | २०६४।१०।१८ |
| श्री चम्फा सिंह गुरुङ्ग | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | सहायक प्रशासक | २०६४।११।९ |

# राजीनामा स्वीकृत

त्रिभुवन विश्वविद्यालयले विभिन्न पदमा रही सेवा गर्दै आउनुभएका विभिन्न महानुभावहरूको राजीनामा स्वीकृत गरेको छ ।

| राजीनामा दिनेको नाम | पद | सेवारत निकाय | राजीनामा लागु मिति |
|---|---|---|---|
| श्री नरेन्द्रलाल कायस्थ | सह प्राध्यापक | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | २०६४।४।६ |
| श्री रमादेवी शर्मा | ,, | रत्नराज्यलक्ष्मी क्याम्पस,प्रदर्शनीमार्ग | २०६४।८।१७ |
| श्री स्नेहप्रभा अर्याल | ,, | पद्मकन्या बहुमुखी क्याम्पस,वागवजार | २०६४।९।२० |

# सहायक डीन तथा क्याम्पस प्रमुखहरूको नियुक्ति

त्रिभुवन विश्वविद्यालयले सहायक डीन तथा क्याम्पसका क्याम्पस प्रमुखहरूको नियुक्ति गरेको छ :

| नाम | नियुक्ति पद | नियुक्ति स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| डा. वशिष्ठप्रसाद रिजाल | सहायक डीन | चि.शा.अ.सं.डीनको कार्यालय,महाराजगंज | २०६४।९।३० |
| डा. विश्वनाथप्रसाद | क्याम्पस प्रमुख | ठाकुरराम ब.क्याम्पस,बीरगंज | २०६४।११।१ |
| डा. कमलदीप ढकाल | ,, | शंकरदेव क्याम्पस,रामशाहपथ | ,, |
| श्रीमती गीता मल्ल | ,, | पब्लिकयुथ क्याम्पस, धोविचौर | ,, |

**प्रकाशक** : सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६
E-mail : tuinformation@yahoo.com
Website : www.tribhuvan-university.edu.np
**सम्पादक** : प्रेमकृष्ण चित्रकार
**सहायक सम्पादक** : राजेश वज्राचार्य
**कम्प्युटर सेटिंग** : पद्मरत्न चित्रकार
**मुद्रक** : त्रि.वि. छापाखाना,कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१

**प्रापकः**